## संघिय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय

मिति : २०७५।१२।१०

पत्र संख्या : २०७५।७६
च.नं. :

श्री प्रमुखज्यू,
मेलुङ गाँउपालिका,
दोलखा ।

**विषयः लेखापरीक्षणको प्रतिवेदन ।**

यस कार्यालयबाट मेलुङ गाँउपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्वन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी :** आर्थिक कार्यविधि ऐन, २०५५, स्थानीय सरकार संचालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४, तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन संचालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी :** प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्वन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार :** कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा संचित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन :

१. लेखापरीक्षणबाट रु.३३ लाख ४० हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने बेरुजू रु.५ लाख २४ हजार, अनियमित बेरुजू रु.८ लाख ३५ हजार र प्रमाण कागजात पेश नभएको रु.१९ लाख ८० हजार रहेको छ ।
२. आम्दानी तथा खर्चको श्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्वन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्वन्धमा मिति २०७५।१०।२८ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया सहितको प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना १० यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय :** कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको संचित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोवार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार संचालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# मेलुङ गाँउपालिका
# लेखापरीक्षण प्रतिवेदन
# २०७४/७५

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्न गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सह अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक कार्यमा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु हो । यो गाउँपालिका अर्न्तगत ७ वडा रहेको, ३९ सभा सदस्य, ८६.२ व.कि.मी क्षेत्रफल, २०२१० जनसंख्या, ३ नम्वर प्रदेशमा अवस्थित छ ।

**स्थानीय सञ्चित कोषः** आर्थिक वर्ष २०७४/७५ संचित कोषको आय व्यय संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| क्र.सं. | आय तर्फ | | | क्र.सं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | यस आवको रु. | गत आवको रु. | | विवरण | यस आवको रु. | गत आवको रु. |
| १ | **गत वर्षको जिम्मेवारी** | | | १ | **चालू खर्च** | २८३३८७५९.६० | |
| | नगद | | | २ | **पूजिगत खर्च** | ५८९४५५७२.६४ | |
| | बैंक | ६२६१४०९.९१ | | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | | |
| २ | **राजस्व (आन्तरिक आय)** | | | | ऋण भुक्तानी | | |
| | आन्तरिक राजस्व | ७८९७९१.१० | | | ब्याज भुक्तानी | | |
| | राजस्व बाँडफाँड | | | | अन्य भुक्तानी | | |
| | अन्य आय | | | ४ | **फिर्ता** | | |
| ३ | **वित्तीय हस्तान्तरण** | | | | कालेनिका फिर्ता | | |
| | वित्तीय समानीकरण अनुदान | १४४०१५०००.०० | | | **शेयर लगानी** | | |
| | सशर्त अनुदान | | | | **अन्य लगानी** | | |
| | समपूरक अनुदान | | | ५ | **धरौटी फिर्ता** | २१०००.०० | |
| | विशेष अनुदान | | | ६ | **अन्य खर्च** | १६९०६५१.०० | |
| ४ | **ससर्त अनुदान** | | | ७ | शिक्षा | ८३०२९११९.८९ | |
| | शिक्षा | ८९७८४०००.०० | | | स्वास्थ्य | १४२१४७६७.३५ | |
| | स्वास्थ्य | १७७७७०००.०० | | | कृषि तथा पशु | ८८७१३०.०० | |
| | कृषि तथा पशु | ९१००००.०० | | ८ | कोलेनिका फिर्ता | ११०७७९८२.७६ | |
| | विशेष अनुदान | | | ९ | सामाजिक सुरक्षा | ४१२४७०००.०० | |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | | १० | **मौज्दात** | | |
| ६ | **वित्तीय व्यवस्था प्राप्ती** | | | | नगद मौज्दात | १७७९२६.०० | |
| | ऋण प्राप्ती | | | | बैंक मौज्दात | ६३५५७०६४.७७ | |
| | साँवा प्राप्ती | | | | बैंक मौज्दात धरौटी | २१०००.०० | |
| | ब्याज प्राप्ती | | | | | | |
| | अन्य प्र्प्ती | | | | | | |
| ७ | **विभिन्न कोष तर्फको आय** | २२७७७३.०० | | | | | |
| ८ | **जनसहभागिता (नगद)** | | | | | | |
| ९ | **सामाजिक सुरक्षा** | ४१७५४०००.०० | | | | | |
| १० | **धरौटी आय** | ४२०००.०० | | | | | |
| ११ | **लगानीको साँवा फिर्ता** | | | | | | |
| १२ | **अन्य विविध आय** | १६४७०००.०० | | | | | |
| | **जम्मा** | **३०३२०७९७४.०१** | | | **जम्मा** | **३०३२०७९७४.०१** | |

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणवाट देखिएका व्यहोराहरु</th><th>रकम</th></tr>
<tr><td></td><td>कानून परिपालनाको स्थिति : नेपालको संविधान २०७२ को धारा २२६ मा गाउँसभाले अनुसूची ८ वमोजिमको विषयमा आवश्यक कानून वनाउन सक्ने व्यवस्था छ । यसैगरी धारा २२८ मा कानून वमोजिम वाहेक स्थानीय तहमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाइने व्यवस्था छ । अत: कानून बनाएर कार्य सम्पन्न गर्नुपर्ने संवैधानिक व्यवस्था अनुसार यस गाउँपालिकाले देहाय अनुसारका कानून निर्माण गरेको देखियो ।
<table>
<tr><th>ऐनहरु</th><th>प्रमाणिकरण मिति</th></tr>
<tr><td>मेलुङ गाँउपालिका आधारभुत तथा माध्यमिक शिक्षा ऐन, २०७५</td><td>२०७५/२/५</td></tr>
<tr><td>मेलुङ गाँउपालिका सहकारी ऐन, २०७५</td><td>२०७५/२/५</td></tr>
<tr><td>मेलुङ गाँउपालिका पूर्वाधार विकास तथा व्यवस्थापन ऐन, २०७५</td><td>२०७५/२/५</td></tr>
<tr><td>मेलुङ गाँउपालिका न्यायीक समिति सम्वन्धि ऐन, २०७५</td><td>२०७५/२/५</td></tr>
<tr><td>मेलुङ गाँउपालिकाको आधारभुत स्वास्थ्य तथा सरसफाई ऐन, २०७५</td><td>२०७५/२/५</td></tr>
<tr><td>मेलुङ गाँउपालिका प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन, २०७५</td><td>२०७५/२/५</td></tr>
<tr><td>मेलुङ गाँउपालिका आर्थिक ऐन, २०७५</td><td>२०७५/३/२९</td></tr>
<tr><td>मेलुङ गाँउपालिका विनियोजन सम्वन्धि ऐन, २०७५</td><td>२०७५/३/२९</td></tr>
</table></td><td></td></tr>
<tr><td>१.</td><td>खर्च गर्ने अख्तियारी र कार्यविधि : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ बमोजिम सभाबाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई वजेट खर्च गर्ने, कार्यक्रम र बजेटसहित अख्तियारी प्रदान गर्ने व्यवस्था छ । २०७४/०३/२९ मा बसेको गाउँ सभाको बैठकबाट पारित बजेट अनुसार अख्तियारी दिएको छ । नियमानुसार समयमा नै अख्तियारी दिने व्यवस्था गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>२.</td><td>आन्तरिक नियन्त्रण प्रणाली : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगबाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । तदनुरुप आन्तरिक नियन्त्रण प्रणाली तयार गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३.</td><td>श्रोतअनुमान तथा वजेट सिमा : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम गाँउपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व वाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरण, वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालीकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा सो अनुसार पुर्ण रुपले समितिले कार्य गरेको छैन । युमा सुधार हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४.</td><td>बजेट तथा कार्यक्रम तर्जुमा : स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठनन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषय क्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादम्यता तथा परिपूरक मिलाउने व्यवस्था छ ।तर सो अनुसारका कार्य हुन सकेको देखिएन । यसमा सुधार हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५.</td><td>स्थानीय तथ्यांक र अभिलेख : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ बमोजिम गाँउपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभूत तथ्यांक संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भूमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यान्वयनले</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| | उचित सार्थकता नपाउने हुँदा यसतर्फ गाँउपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |
| ६. | **सम्पत्ति लेखांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८१ गाँउपालिका वा नगरपालिकाको क्षेत्र भित्र परेका हाल विषयगत मन्त्रालय वा सरकारी निकायवाट संचालन भई आएका स्थानीय स्तरका कार्यालयका संरचना चल, अचल सम्पत्ती संरचना (कृषि, पशुसेवा, उपकेन्द्र, स्वास्थ्य चौकी, आर्युर्वेद औषधालय, शिक्षा स्रोत केन्द्र र सामुदायिक सिकाई केन्द्र) विभिन्न योजनावाट सम्पन्न खानेपानी सिचाई जस्ता विकास निर्माण आयोजना आदि गाउँपालिकामा स्वत हस्तान्तरण हुने उल्लेख छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहमा रहेका यस्ता सम्पत्ति, आयोजना लगायतका संरचनाको लगत तयार गरी यस गाउँपालिकाले २०७५ असार मसान्त सम्म पनि सार्वजनिक गरेको देखिएन । गठन आदेश वमोजिम गाउपालिकाले यस्ता सम्पत्तिको लगत अध्यावधिक गरी सोको प्रतिवेदन सार्वजनिक गर्नुपर्दछ ।<br>गाँउपालिका र अन्तर्गतका वडाको स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, फर्निचर, विद्युतीय सामान लगायतका सम्पत्तिको मूल्यांकन समेत देखिने गरी अभिलेख अद्यावधिक गरेको छैन । कूल मूल्य खुल्नेगरी स्वामित्वमा रहेका सम्पत्तिको अद्यावधिक अभिलेख तयार गरी सम्पत्ति लेखांकन सुदृढ गर्नुपर्ने देखिएको छ । | |
| ७. | **लक्ष्य प्रगतिको स्थिति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगति विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरीय तथा केन्द्रिय स्तरीय आयोजना मध्ये सबै आयोजनको उपर्युक्त नियम बमोजिम अनुसूची- २ बमोजिमको ढाँचामा प्रगति विवरण दिएको देखिएन । यसमा सुधार हुनुपर्दछ । | |
| ८. | **चौमासिक खर्च :**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार प्रथम चौमासिकमा २० प्रतिशत, दोश्रो चौमासिकमा २१प्रतिशत र तेश्रो चौमासिकमा ५९प्रतिशत खर्च गरेको देखिएको छ । यसरीनै आषाढ महिनामा४७ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । | |
| ९. | **वार्षिक खरिद योजना :**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८(१) बमोजिम सार्वजनिक निकायले वार्षिक १० लाख भन्दा वढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा वजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष खरिद योजना बनाई कार्यान्वयन गरेको देखिएन । नियममा भएको व्यवस्थालाई कार्यान्वयन गरी खरिद कार्य प्रतिस्पर्धी, गुणस्तरीय र मितव्ययी बनाउनुपर्दछ । | |
| १०. | **कर्मचारी व्यवस्था :** निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ति व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकामा रहने कर्मचारी दरवन्दी ६९ रहेपनि पदपूर्ति ३२ रहेको देखियो । ३ अधिकृत सहित ३७ पद रिक्त रहेका छन । ती मध्ये कार्यालय सहयोगी ९ जना सहित २५ जना करारमा राखी कार्यालय संचालन गरिएको छ । पदपूर्ती नहुँदा सेवा प्रवाहमा असर परेकोले दरवन्दी अनुसारको पदपूर्ती गर्नुपर्ने देखियो । | |
| ११. | **राजश्व अभिलेख :** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । स्थानीय तहहरुबाट लेखापरिक्षणको क्रममा राजश्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन । यसबाट स्थानीय तहको वास्तविक राजश्व असुली र दाखिला एकिन हुन सकेन । वर्तमान स्थानीय तहबाट समेत यसमा विशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ । गाँउपालिकाले आन्तरिक आयको लक्ष्य १५,००,०००। राखेको भएता पनि बैंक दाखिलाको आधारमा वडागत राजस्व दाखिला देहाय बमोजिम रु ७,८९,७९१.१० रहेको देखियो । आन्तरिक श्रोत पहिचान र परिचालनमा ध्यान दिनुपर्ने देखिन्छ ।<br>**वडा नं.** \| **आन्तरिक आय रु.** | |

| | |
|---|---|
| १ | १८५५०४.० |
| २ | २७१४०.० |
| ३ | २००००.० |
| ४ | १०४००.० |
| ५ | १४६२७५.० |
| ६ | ११६६८५.० |
| ७ | ८४४७३.० |
| गाँउपालिका | १९९३१४.१ |
| **जम्मा** | **७८९७९१.१०** |

१२. **स्रोत नक्सांकन : स्**थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम प्रत्येक गाउँपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा गाउँपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन ।

१३. **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा योजना हस्तान्तरण कानुनले तोके बमोजिम कार्य गरेको देखिएन । कार्यालयले आर्थिक वर्ष २०७४/७५ मा ११३ वटा आयोजनाहरु उपभोक्ता समितिबाट सम्पन्न भएको भएतापनि हस्तान्तरण गरेको देखिएन । योजनाको मर्मत सम्भार र योजनाको दीगो सञ्चालन गर्न नियमावलीको व्यवस्था अनुसार योजना हस्तान्तरण गर्नुपर्दछ ।

१४. **विना प्रतिस्पर्धा खरिद :** सार्वजनकि खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा खरिद गर्न नमिल्ने साथै नियम ८४ मा रु ५ लाख देखि २० लाख लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्र द्धारा खरिद गर्नुपर्नेमा सो अनुसार नगरीसोझै खरिद गरेको नियमसम्मत देखिएन । यसका केहि उदाहरणहरु निम्नानुसार छन् । नियममा भएको व्यवस्था बमोजिम खरिद कार्य प्रतिस्पर्धी हुने गरि गर्नुपर्दछ ।

| भौ.नं/मिति | विवरण | रकम रु. |
|---|---|---|
| १५-०७५/३/१० | सिँचाइ पाइप | ४९९९४०.० |
| १७-०७५/३/१७ | तारजाली खरिद/ खानेपानी पाइप | ९९९४५७.० |
| १९-०७५/३१९ | त्रिपाल खरिद | ७३३९५.० |
| | **जम्मा** | **१५७२७९२.०** |

१५. **कर :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८, ६४ मा व्यवसाय कर, सवारी कर, मनोरञ्जन कर उठाउनुपर्ने व्यवस्था छ । तर सो अनुसार ती कर उठाएको छैन । संस्थाहरुको व्यवसाय दर्ता भएको प्रमाण पत्र लेखापरिक्षणको क्रममा पेश नभएकोले व्यवसाय कर एकिन गर्न सकिएन । मेलुङ गाउँपालिका क्षेत्रभित्रका व्यवसायलाई व्यवसायीको अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

१६. **मुल्य अभिवृद्धि कर :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ४ मा उपभोक्ता समिति वा लाभग्राही समूदायलाई निर्माण कार्य वा सेवाको काम दिँदा लागत अनुमानमा रहेको मुल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिजेन्सी रकम र जनसहभागिताको अंशकट्टा गरेर मात्र भूक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यो वर्ष विभिन्न ११३ वटा निर्माण कार्यका लागि गठित भएका उपभोक्ता समितिलाई मूल्य अभिवृद्धि कर रु ५०,०१,९२८।२७ भूक्तानी गरेकोले नियम सम्मत देखिएन । कानूनमा भएको व्यवस्थाको पूर्ण पालना गर्नुपर्ने देखियो ।

१७. **आनुपातिक कट्टी : सा**र्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (४) मा उपभोक्ता समितिको योगदान भन्दा कम काम सम्पन्न भई रनिङ बिल र मूल्यांकन प्रतिवेदन प्राप्त भएकोमास्थानीय निकायबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत गराएका देहायका निर्माण कार्यको भुक्तानीमा आनुपातिक कट्टा नभई बढी भुक्तानी भएको देखियो । बढी भुक्तानी गरी दाखिला गर्नु पर्ने सम्वन्धान छलफल गर्दा गत वर्ष लेखापरीक्षणको क्रममा अन्तरक्रिया गर्दा मूल्य अभिवृद्धि कर लाग्ने आईटममा बिल विजक अनुसार भुक्तानी दिन सकिने उल्लेख भए अनुसार भुक्तानी दिँदा

आनुपातिक बढी भुक्तानी भएको भए पनि कार्यालयले काम गरेको १० प्रतिशत जनसहभागिता जुटाउनेमा कुनै कसर बाँकी नराखिएको भन्ने जवाफ प्राप्त भएको र आईन्दा यस प्रकारको त्रुटी नहुने प्रतिवद्धता समेत जाहेर गरेकोले नियमित गर्नुपर्ने रकम रु.

| **भौ.मिति** | **योजना को नाम** | **लागत अनुमान रु** | **वास्तविक काम** | **उपभोक्ताका लागि दिएको** | | **फरक** |
|---|---|---|---|---|---|---|
| | | | | **दिनुपर्ने** | **दिएको** | |
| १५-०७५/१/२३ | सितली मेलुङ भैसे मुडे सडक | २२३९९५६। | १५२४५४६ | १२९५८६५। | १३०७१५। | ११२८९। |
| २५-०७५/१/२६ | खुन्द्रुके माभ्रुगाउँ सडक उ.स. | १९२३६७५- | १९७७९१८। | १५९२९२०। | १७४६००- | १५३०८। |
| २०१-०७५/३/३१ | मालुखोला भ्याकुरे चरङ्गे सडक उ.स. | ३२९१३७- | २२९२६७८। | २०६३४१०। | २२४७९१९ | १८४५०। |
| १५-०७५/१/२३ | भुमेस्थान लक्ष्मी मा.वि. नुनथला उ.स. | १३३५७१।- | ६५९२७८। | ५९३३५०। | ६१९८३९। | २६४८९। |
| | जम्मा | | | | | ७१५३६। |

**७१५३६.००**

१८. **सेवा करार :** सार्वजनिक खरिद नियामावली, २०६४ को नियम ९४ (१) मा कार्यालय सुरक्षा, चिठ्ठीपत्र ओसार पसार, सरसफाई, टेलिफोन, विद्युत र धारा सञ्चालन र रेखदेख लगायतका सार्वजनिक निकायको दैनिक कार्य सञ्चालन गर्न अत्यावश्यक पर्ने सेवा करार लिनुपर्दा कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीसँग करार गरी त्यस्तो सेवा करारमा लिन सक्ने व्यवस्था छ । काम दरबन्दी बेगरका कार्यालय सहयोगी ९ जना सहित २५ जना कर्मचारी राखी खर्च रु ३९,७४,४३५।- लेखेको छ । विगतमा करारमा नियुक्त गरेकोमा सोही व्यक्तिहरुलाई निरन्तरता दिएको र सूचना प्रकाशन गरी नियुक्ति दिने गरेको छ । करारमा नियुक्ति कार्यमा नियन्त्रण हुनुपर्दछ ।

१९. **विद्युतीय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोबारको लेखा राख्नुपर्ने तथा महालेखा नियन्त्रकको कार्यालयले निशुल्क रुपमा उपलव्ध गराई सवै गाउँपालिकाहरुले Sub National Tresury Regularity Application(SUTRA) प्रयोग गरी लेखा राख्नु पर्ने व्यवस्था छ । ईन्टरनेटको पहुँच बाहिर भएकोले सो सफ्टवेयरको प्रयोग भएन । इन्टरनेटको प्रयोग हुने भएमा सो को प्रयोग गरिने जानकारी प्राप्त भएको छ ।

२०. **सार्वजनिक परिक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परिक्षण अन्तर्गत सार्वजनिक परिक्षण गर्नुपर्ने व्यवस्था छ । सो अनुसार नभएकोले यसमा सुधार हुनुपर्दछ ।

२१. **बिमा :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा रु. १० लाख भन्दा बढीको निर्माण कार्य गर्दा मेशिन, औजार वा प्लान्ट लगायतको बिमा गर्नुपर्ने व्यवस्था छ । तर सो अनुसार बिमा गरेको नदेखिँदा जोखिम न्यूनीकरणमा असर परेकोले सुधार हुनुपर्दछ ।

२२. **न्याय सम्पादन :** मिति २०७५।१०।२१ सम्मजम्मा मुद्दा दर्ता २३ वटा रहेका छन् । ती मध्ये २ वटा फछ्र्यौट प्रक्रियामा रहेका, मेलमिलाप १२ वटा, अदालतमा ४ वटा, फिर्ता १ वटा र तामेली ४ वटा रहेको विवरण पेश भएको छ । समयमा न्याय सम्पादन गर्न विशेष ध्यान दिनुपर्ने देखियो ।

२३. **भ्रमण भत्ता :** भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण पश्चात भ्रमण खर्च बिल सहित भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । देहायका कर्मचारीले भ्रमणको उद्देश्यमा कार्यालय कामकाज राखी भ्रमण खर्च लेखेकोमा भ्रमण प्रतिवेदन पेश गरेको देखिएन ।साथैभ्रमण प्रतिवेदन संलग्न गरी नियमितहुनुपर्ने रु .

**५६०५०.००**

| भौ.नं./मिति | नाम | मिति | रकम |
|---|---|---|---|
| ३-०७४/०६/२ | देवराज भण्डारी | ०७४/४/२४-३० | ११०००.० |
| ३-०७४/०६/२ | देवराज भण्डारी | ०७४/५/१९-२६ | ७८००.० |
| १-२०७५/२/५ | सुजित पाण्डित | ०७५/१/२१-२५ | ५६००.० |

| | | | |
|---|---|---|---|
| ३-०७४/१०/२२ | ललित कला थापा | ०७४/१०-५ | ५८००.० |
| ३-०७४/१०/२२ | दुर्गा सुवेदी | ०७४/७२८-३० | २९५०.० |
| ३-०७४/१०/२२ | सुमन भण्डारी | ०७४/९/२१-२३ | २९५०.० |
| १-०७४/१०/२२ | दल बहादुर थापा | ०७४/४/४-६ | २७५०.० |
| १-०७४/१०/२२ | शान्ति खत्री | ०७४/६/१-५ | ५६००.० |
| १-०७४/१०/२२ | शिवप्रसाद उपाध्याय | ०७४/४/१-५ | ५६००.० |
| २-०७५/१/३ | गौरव खड्का | ०७५/३/६-१२ | ६०००.० |
| **जम्मा** | | | **५६०५०.००** |

२४. **गाडी भाडा :** खर्च गर्दा मितव्ययी तवरले गर्नुपर्दछ । भाद्र महिनादेखि पौष मसान्तसम्मको लागि नवराज खड्कासँग गाडी प्रयोग सम्वन्धी सम्झौता गरेर भौ.नं. २१ बाट रु ४,९४,०००।- गाडी भाडा भूक्तानी गरेको छ ।सम्झौता गर्ने प्रशासकीय अधिकृतले पुनः ०७४/७/१८ सम्मको लागि भनी मनोज कुमार लामासँग सम्झैता गरी भौ.नं. ३४-०७४/९/२३ बाट रु २,१३,६००।- भूक्तानी गरेको देखियो । गाडी प्रयोग गर्दा पहुँच उल्लेख नगरेको, सम्झौतामा कति पटकको कति दरले भूक्तानी गर्ने उल्लेख नगरेको, गाडी प्रयोग गर्ने व्यक्तिले प्रयोग गरेको प्रमाणित अभिलेख नराखेको देखियो । यसरी अनियमित तवरले भुक्तानी भएको रकम प्रमाण पुष्टाई सहित नियमित गर्नुपर्ने रु . — **७०७६००.००**

२५. **पदाधिकारीको सुविधा :** प्रदेश नं. ३ बाट स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुलाई दिने सुविधा सम्वन्धी कानून विपरित पदाधिकारीहरुले मासिक रुपमा प्राप्त गर्ने सुविधाका अतिरिक्त विभिन्न समितिको बैठक भत्ता भुक्तानी गरेको देहाए अनुसार देखिएको सम्वन्धित कर्मचारी तथा पदाधिकारीहरुबाट असुल गर्नुपर्ने रु .... — **५२१९००.०**

| **क्र. स.** | **भौ.नं. /मिति** | **विवरण** | **रकम** |
|---|---|---|---|
| १ | ११३-०७५/३/९ | कार्यपालिकाको बैठक | ६४६००.० |
| २ | १२५-०७५/३/९ | बैठक भत्ता | १६१५०.० |
| ३ | १४८-०७५/३/३२ | बैठक भत्ता वडा नं. ६ | १३२६००.० |
| ४ | ११३-०७५/३/३२ | बैठक भत्ता वडा नं. ५ | १२७५००.० |
| ५ | ११३-०७५/३/३२ | बैठक भत्ता वडा नं. ४ | १०६२५०.० |
| ६ | २१-०७४/७/२४ | कार्यपालिकाको बैठक | ७४८००.० |
| ७ | १०-०७५/३/२६ | बैठक भत्ता वडा नं. ७ | ३००००.० |
| ८ | ४-०७५/१/२८ | बैठक भत्ता वडा नं. ७ | १५१३००.० |
| ९ | २-०७४/१/२६ | बैठक भत्ता वडा नं. ३ | ७२२५०.० |
| १० | ४-०७५/३/२८ | बैठक भत्ता वडा नं. ३ | ५१०००.० |
| ११ | ८-०७५/१/२६ | बैठक भत्ता वडा नं. २ | ८१६००.० |
| १२ | १०-०७५/३/२८ | बैठक भत्ता वडा नं. २ | ६१२००.० |
| १३ | ४-०७५/१/३० | बैठक भत्ता वडा नं.१ | ८६७००.० |
| १४ | ९-०७५/२/२६ | बैठक भत्ता वडा नं.१ | ७६५००.० |
| **जम्मा** | | | **५२१९००.०** |

२६. **मु.अ.कर विजक :** मूल्य अभिवृद्धि कर ऐन तथा नियमावली अनुसार तोकिएको ढाँचामा बीजक जारी गर्नुपर्दछ । कार्यालयले मैनापोखरी कन्स्ट्रक्सनको मु.अ.कर भुक्तानी दिएको विजक नम्वर र जारी मिति विच तालेमेल देखिएन । विजक नं. ०३२ बाट मिति २०७५।१।१५ जारी भएको विजकको भुक्तानी रु. ३,९८,४३०। रहेको छ भने ०३३ विजक नं. मिति ०७५।१।१३ बाट रु. ५४,२२२। तथा ०३४ विजक नं. मिति २०७५।१।७ मा जारी भई रु. ७,७४,२८२।७८ भुक्तानी

| | | |
|---|---|---|
| | दिएको छ । यस सम्वन्धमा भएको व्यहोरा आन्तरिक राजस्व कार्यालयमा जानकारी गराई कर समायोजन गराएको प्रमाण पेश हुनुपर्ने रु. | **१२२६९३४.७८** |
| २७. | **खरिद कार्यमा मितव्ययिता :** सार्वजनिक खरिद कार्य मितव्ययिता हुनुपर्दछ । ०७४/९/२१ मा ऐश्वर्य स्टेशनरी सेन्टर अर्डर एण्ड सप्लायर्सबाट DELL$i_5$ल्यापटप खरिद भ्याट बाहेक रु ७८,५००।- मा खरिद गरेको देखियो । सोही बमोजिम $i_7$ ल्यापटप जिएस कम्प्युटर एण्ड इलेक्ट्रोनिक्स सप्लायर्सबाट भ्याट बाहेक ७७,८७७।- मा खरिद गरेको देखियो । कार्यालयले बढी मूल्य पर्ने $i_7$ल्यापटप कममा र घटी मूल्य पर्ने $i_5$ ल्यापटप बढी मूल्यमा खरिद गर्नु मितव्ययी खरिद भन्न सकिने अवस्था रहेन ।मितव्ययी खरिद प्रणाली अपनाउनुपर्ने देखिन्छ । | |
| २८. | **मध्यकालीन खर्च संरचना:-** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १७ मा स्थानीय तहले सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा आगामी ३ वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यकालीन खर्च संरचना तयार गर्नु पर्ने व्यवस्था भए पनि तदनुसार मध्यकालीन खर्च संरचना तयार गरेको देखिएन । यसमा सुधार हुनुपर्दछ । | |
| २९. | १३-०७४/१०/२२<br>**आलेप वेरुजू :** नयाँपुल सत्यश्वर थालडाँडा सडक मर्मत गर्दा कार्यसम्पादन प्रतिवेदन बमोजिम रु. ३,७७,८६७ रहेको छ । कार्यालयले उक्त कार्यको भुक्तानी गर्दा रु. ३,८०,०००। गरेको देखियो । कार्यसम्पन्न प्रतिवेदन भन्दा बढि भुक्तानी भएको असुल हुनुपर्ने रु. | **२१३३.१६** |
| ३०. | **नक्सा पास :** स्थानीय सरकार संचालन ऐन २०६४ को दफा २७ मा कसैले पनि गाँउपालिकावाट नक्सा पास नगराई भवन निर्माण गर्नु हुदैन । यस गाँउपालिकाले घर नक्सा पास गर्ने व्यवस्था समेत गरेको छैन । यसवाट दफा ४३ अनुसार राष्ट्रिय भवन संहिता पालना गर्नुपर्ने दायित्व पूरा गरेको छैन । भवन संहिताको पालना गर्दा भविष्यमा पर्ने विपद् जोखिम न्यून हुने जनता बिच कानुनको परिपालनावाट विवाद समाधानमा सहयोग पुग्ने, सरकारी जग्गाको संरक्षण समेतमा सहयोग पुग्ने र आन्तरिक आयमा समेत सहयोग पुग्ने हुँदा भवन निर्माण गर्दा नक्सा पास गर्नु अति आवश्यक छ । यसतर्फ सम्पूर्ण जनतामा सचेतनाको कार्यक्रम संचालन गरी जनसहभागिताको माध्यमवाट शिघ्र कार्यान्वयन गर्नुपर्दछ । | |
| ३१. | **अनुगमन :** लेखापरीक्षणको क्रममा डाँडाखर्क-भित्री-पाखेडाँडा सडकको स्थलगत अवलोकन गर्दा देखिएका व्यहोराहरु निम्नानुसार छ ।<br>क) सडकको चौडाई २.५ मिटर देखि ५ मिटरसम्म रहेको हुँदा कुनै भागमा अत्याधिक साँघुरो देखियो ।<br>ख) विभिन्न तीन ठाँउको सडक घुम्तीमा ग्रेड नमिलेको देखियो ।<br>ग) वर्षातको समयमा क्षति पुऱ्याउन सकिने ठाँउमा साइड ड्रेनेज बनाएको देखिएन ।<br><br>*स्थलगत अवलोकनको क्रममा देखिएका तस्विरहरु*<br>निर्माण कार्य गराउदा आवश्यकता अनुसार ड्रेनेज बनाउने, ग्रेड मिलाउने तथा साँघुरा ठाउँहरुको समयमा नै चौडा पार्ने गर्नुपर्दछ । ट्र्याक खोल्दा देखिएका समस्याहरु चालु आर्थिक वर्षमा सुधार गरी व्यवस्थापन गरी मानवीय क्षतिको सम्भावना न्युन गनु पर्ने | |

| | | |
|---|---|---|
| | देखियो । | |
| ३२. | **उपभोक्ता समितिबाट निर्माण :** उपभोक्ता समितिबाट निर्माण गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को दफा ९७ मा भएका व्यवस्था पूर्ण रुपले पालना गर्नुपर्ने उल्लेख छ । सोही नियमको उपनियम(१२) मा निर्माण कार्य सम्पन्न भएपछि सो निर्माण कार्यको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । यस व्यवस्था अनुसार प्रत्येक उपभोक्तालाई उपभोक्ता समितिबाट सम्पादित योजना हस्तान्तरण गर्नुपर्ने पर्दछ । सो योजना निरन्तर यथारुपमा संचालन गर्नको लागि रेखदेख र मर्मत सम्भारको जिम्मेवारी समेत सोही उपभोक्तालाई हुने व्यवस्था भएपनि गाँउपालिकाले झण्डै ११३ योजना उपभोक्ता समितिबाट गराएको देखिएपनि योजना हस्तान्तरण र रेखदेख र मर्मत सम्भारको जिम्मेवारी दिएको देखिएन । यसकारण उपभोक्ता समितिबाट कार्य गर्दा ठेकेदारबाट गराउँदा हुने प्रकृयागत झण्झट र समयको सन्दर्भमा सहज भए पनि उपभोक्ता समितिले सम्पन्न गरेको कार्यको रेखदेख र मर्मत सम्भार गर्ने दायित्व निरन्तर भइरहनु पर्ने भएकोले उपभोक्ता समितिलाई उल्लेखित कार्यमा निरन्तर जिम्मेवार भइराख्न लगाउने दायित्व तर्फ पनि गाँउपालिका गम्भीर हुनुपर्दछ ।साथै उपभोक्ता समितिको दर्ता, नविकरण लगायतका नियमित तरिकाले सञ्चालन गर्ने व्यवस्था समेत हुनुपर्दछ । | |
| ३३. | भौ.नं. ४१-२०७५/०३/३२<br>**स्काउट तालिम :**सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले खरिद गर्दा लागत अनुमान स्विकृत गर्नुपर्ने व्यवस्था छ । स्काउट तालिम सञ्चालन शिर्षकमा रु ४,०१,१७८।खर्च लेखेको छ । स्काउट ड्रेस ३६ जनालाई रु ५५,०६०।- प्रशिक्षक सहभागी भत्ता रु ३५,७००।- तथा खाजा खर्च रु २,०५,८८४।- भएको देखियो । लागत अनुमान तयार नगरी स्थानीय स्तरमा सञ्चालित कार्यक्रमको खाजा खर्च भुक्तानी स्वभाविक देखिदैन । यसबाट कार्यक्रम मितव्ययी र प्रभावकारी भएको भन्ने अवस्था देखिएन । कानून बमोजिम लागत अनुमान तयार गरी स्वीकृत गराउनुपर्दछ ।स्काउट ड्रेस वितरण भरपाई संलग्न गरी खाजा खर्च भुक्तानी स्पष्ट पार्नुपर्ने देखिएको रु | **२६०९४४.००** |
| ३४. | **भुक्तानी :** आर्थिक कार्यविधिनियमावली, २०६४ को ३५ बमोजिम सरकारी रकम खर्च गर्दा रित पुगे वा नपुगेको सो को जाँच गरि भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।खर्च गर्दा सम्वन्धितशिर्षकको बजेट परिधिभित्र रहीअधिकार प्राप्तअधिकारीको स्वीकृतीमाखर्च गर्नुपर्ने व्यवस्था छ । वडा कार्यालयलाई पेश्कीदिई खर्च गरिएको विलभरपाइमा गाडी भाडा र सञ्चार खर्च अन्तर्गत के प्रयोजनको लागिकहिले प्रयोग गरिएको सोको सम्झौतापत्र नभएको पाइयो । खर्चको प्रमाण र आधार पेश हुनुपर्ने देखिएको रु. | **४९३०००.००** |

| वडा नं. | गो.भौ.न.र मिति | गाडी भाडा | सञ्चार |
|---|---|---|---|
| १ | १-२०७५/२/२६ | ४९०००.० | |
| २ | ८-२०७५/१/२६ | ४००००.० | १४०००.० |
| २ | १०-२०७५/३/२८ | ४२०००.० | |
| ३ | २-०७४/१/२६ | ५४०००.० | १६०००.० |
| ३ | ४-२०७४/३/२८ | ३००००.० | |
| ४ | ३-२०७५/२/६ | ३५०००.० | १६०००.० |
| ४ | ५-०७५/१/३ | ४८०००.० | |
| ५ | ३-२०७५/३/२४ | ९००००.० | १९०००.० |
| ७ | ८-२०७५/२/४ | ७२०००.० | १४०००.० |
| | जम्मा | **४६००००.००** | **३३०००.००** |

| | | |
|---|---|---|
| ३५. | **शैक्षिक गुणस्तर सुधार कार्यक्रम :** वार्षिक कार्यक्रम अन्तर्गत शैक्षिक गुणस्तर सुधार गर्न ७ सदस्यीय कार्यदल गठन गरेको देखियो । भौतिक, शैक्षिक र आर्थिक पक्षको गुणस्तर सूचक बनाएर तथ्यांक विश्लेषण मार्फत ४२ विद्यालयलाई समायोजन गरी ३२ वटा हाल सञ्चालनमा रहेको जानकारी प्राप्त भएको छ । विद्यालय समायोजन गर्दा हरेक विद्यार्थीको विद्यालय पहुँच | |

| | | |
|---|---|---|
| | २० मिनेट रहेको कार्यालयले जानकारी दिएको छ। थोरै विद्यार्थी रहेका र शिक्षक दरबन्दी अधिक भएका कारण समायोजन गरेको कार्यालयको भनाई छ।समायोजन भई सञ्चालित विद्यालयहरुमा समायोजन अघि रहेको विद्यार्थीहरुको भर्नादर स्थिति खुल्ने तथ्यांक राखेको देखिएन। तथ्यांक विश्लेषण गरी निर्णय गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। | |
| ३६. | **वित्तीय जवाफदेहिता मूल्यांकन** :कार्यालयको लेखापरीक्षणको क्रममा कार्यसम्पादनको व्यवस्थापकीय पक्ष, वित्तीय व्यवस्थापन पक्ष, सेवा प्रवाह र खरिद व्यवस्थापनरविकास निर्माण गरी ४ मुल विषयमा केन्द्रित रही २० वटा सूचक प्रयोग गरी कार्यालयको वित्तीय जवाफदेहिताको स्तर मूल्याङ्कन गरिएको छ। सो मूल्याङ्कनमा यस कार्यालयलाई बि ग्रेडमा ग्रेडिङ्ग गरिएको छ। औंल्याइएका कमजोरी तथा सुधारका स्रोतमा अभिवृद्धि गर्नेतर्फ कार्यालय क्रियाशिल हुनुपर्दछ । | |
| ३७. | **बेरुजू :** गाँउपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु. ५ लाख २४ हजार, अनियमित बेरुजू रु. ८ लाख ३५ हजार र प्रमाण पेश गर्नुपर्ने रु. १९लाख ८० हजारसमेत रु. ३६ लाख ५७ हजार बेरुजू भएकोमा प्रतिक्रियाबाट रु. ३ लाख १७ हजार फछ्र्यौट भई रु. ३३ लाख ४० हजार कायम भएको छ। | |
| ३८. | **अद्यावधिक बेरुजू स्थिति :** मेलुङ गाँउपालिकाको आर्थिक वर्ष २०७४/७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजू स्थिति देहाय अनुसार रहेको छ।<br><br>**गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी रु.** \| **यो वर्षको कायम बेरुजू रु.** \| **बाँकी रु.**<br>३५४६000.00 \| ३३४0000.00 \| ६८८६000.00 | |

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी रु. | यो वर्षको कायम बेरुजू रु. | बाँकी रु. |
|---|---|---|
| ३५४६000.00 | ३३४0000.00 | ६८८६000.00 |

अनुसूची– १७

## मेलुङ गाँउपालिकाको यो वर्षको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७४।७५

(रु.हजारमा)

| जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| दोलखा | मेलुङ गाँउपलिका | २९ | १२ | ३६५७ | ० | ४ | ३१७ | २९ | ८ | ३३४० | ५२४ | ८३५ | १९८० | ० | ० | ३३३९ | ० | ० | ० |

अनुसूची - १

## मेलुङ गाँउपालिकाको सञ्चित कोष विवरण

**प्रदेश नं. : ३**

## २०७४/७५

रु. हजारमा

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
| १ | शैलुङ गाँउपालिका | दोलखा | ५८३० | १५०९४९ | ९१६५६ | ४९४०१ | २९७८३६ | १९१७७ | १११४०३ | १३६३१३ | २६६८९३ | ३०९४३ |